**मिति २०८०।०९।१९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को सातौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाका देहाय बमोजिमका ऐनहरुलाई संशोधनका लागि थप अध्ययन गरी राय एवं सल्लाह, सुझाव सहित आगामी नगर सभामा प्रस्ताव लैजाने निर्णय गरियो।

१.गैंडाकोट नगरपालिकाको जलस्रोत व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९

२. गैंडाकोट नगरपालिकाको प्रज्ञा प्रतिष्ठानको ऐन,२०७९

३. गैंडाकोट नगरपालिकाको खेलकुद विकास ऐन,२०७९

**निर्णय नं. २** गैंडाकोट नगरपालिका कार्यालयमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउनका लागि पेश भएको कागजात तथा गैंडाकोट नगरपालिका कार्यालयको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ अनुसार श्री सिजन निर्माण सेवा प्रा.लि. गैंडाकोट-५, लाई अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका वडा नं. १५ को वडा कार्यालय भवनको DPR निर्माण कार्य प्रक्रिया अगाडी बढाउने र वडा नं. (१-९) को रिंगरोडको DPR लाई समर्थन गर्ने सोको भुक्तानी नगरपालिकाको आन्तरिक स्रोतबाट गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका वडा नं. ८ स्थित जयश्री खोलामा रहेको अधुरो पुल निर्माण कार्यका लागि आ.व. २०८०/०८१ मा विनियोजन भएको बजेटमा अपुग हुने बजेट आगामी हिँउदे नगर सभाबाट बजेटको स्रोत सुनिश्चितता हुने गरी हाललाई पाँचौं कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम उक्त पुल निर्माणको DPR लाई स्वीकृत गरी टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाले आफ्नो डिजिटल तथ्यांक अध्यावधिक गर्न डिजिटल नगर प्रोफाईल निर्माणको EOI गर्ने, MTMP र नगरपालिकाको आर्थिक सर्वेक्षण कार्य गर्न आ.व. २०८०/०८१ मा विनियोजन भएको शिर्षकबाट अपुग रकम नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च गर्ने गरी उक्त कार्यका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. (१०-१७) रिंगरोडको ठेक्का नं.10/GM/NCB/2079-80 को Quantity Variation आदेश सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ र गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२७ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन संकलन, बिक्री वितरण र व्यवस्थापन गर्ने कार्यको लागि संभावित खोला/ नदीहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी तथा अध्यावधिक गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका वडा नं. ६ को वडा कार्यालय भवनको ठेक्का नं.09/GM/NCB/2079-80 को सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति समेतका आधारमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ र गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ को उपनियम ४ बमोजिम ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको आ.व. २०८०\०८१ का लागि स्वीकृत भएका योजनाहरु मध्ये रु १० लाख र सो भन्दा माथीका पूर्वाधारतर्फका लागत सहित जनसहभागीता हुने एवं लागत सहित गर्ने भनी वडा समितिको निर्णय भई सिफारिस आएका तोकिए बमोजिमका योजनाहरुलाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** गैडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको एवं सुरक्षा गार्डको कार्यसम्पादन स्तर तथा कार्यरत कार्यालयहरुको

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

सिफारिस समेतको आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक रहेका एवं निरन्तरताको लागि निवेदन पेश गरेका कर्मचारीहरुको नगर कार्यपालिकाको कार्यालयबाट (मिति २०८१ असार मसान्तसम्म) छ महिनाको लागि करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** गैंडाकोट नगरपालिकाको कार्यालयले इच्छुक नगरबासीहरुलाई लोक सेवा आयोगको परीक्षालाई लक्षित गरी Online तथा भौतिक उपस्थितिमा तयारी कक्षा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाको कार्यालयमा हाल सञ्चालनमा रहेको योजनाको एप्समा प्राविधिक समस्या देखिएको कारणबाट आ.व.२०८०/०८१ को बार्षिक स्वीकृत योजनाहरुको कार्यान्वयनका लागि योजनाको एप्सको उपयुक्त विकल्प सहितको पूर्वत सञ्चालन नहुँदासम्मका तत्कालका लागि योजनाको सम्झौताको किताब निर्माण गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३** गैंडाकोट नगरपालिकाको वडा नं. १३ को विद्युतीकरणको कार्य नेपाल विद्युत प्राधिकरण कावासोती शाखाको प्राविधिक लागत अनुमान अनुसार कार्य प्रकृया अगाडी बढाउने र सोही प्रकृतिका अन्य वडाबाट कार्य भई भुक्तानी माग भएका योजनाहरुको कार्य प्रक्रिया समेत अगाडी बढाउने र गैंडाकोट नगरपालिका भित्र विद्युतीकरण मा देखिएको विभिन्न समस्याहरुको विषयमा नेपाल विद्युत प्राधिकरण कावासोती शाखाको नगरपालिकाको तर्फबाट डेलिकेशन जाने निर्णय गरियो।

**निर्णय नं. १४** गैंडाकोट नगरपालिकाको आ.व. २०८०\०८१ का लागि स्वीकृत भएका योजनाहरु मध्ये रु १० लाख र सो भन्दा माथीका पूर्वाधारतर्फका सबै योजनाहरु वडागत रुपमा सिफारिस भई आएका योजनाहरुलाई एकिकृत गरी टेण्डरको प्रक्रियाको माध्यबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.१५** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि संघीय सरकार एवं गण्डकी प्रदेश सरकारमा समपुरक तथा विशेष अनुदान सहायता माग गर्ने र सम्बद्ध निकायमा समेत देहायका योजनाहरु माग गरी पठाउने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. २ |
| २ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. ३ |
| ३ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. ५ |
| ४ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. ८ |
| ५ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. १३ |
| ६ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. १४ |
| ७ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. १६ |
| ८ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. १७ |
| ९ | वडा कार्यालय भवन | गैंडाकोट नगरपालिका वडा नं. १८ |

**निर्णय नं. १६** गैंडाकोट नगरपालिका वडा नं.९ को वडा कार्यालयको सिफारिस बमोजिम सोही वडा निवासी इन्द्र बहादुर पुर्जा मगरको आर्थिक अवस्था कमजोर भएको र निजको चितवन मेडिकलमा उपचार भई रहेको हुँदा निजलाई रु.५० हजार आर्थिक सहायता नगरपालिकाको आन्तरिक स्रोतबाट दिने निर्णय गरियो।

**निर्णय नं. १७** जिल्ला शसस्त्र प्रहरी बल र जिल्ला प्रहरी कार्यालय (नवलपरासी बर्दघाट सुस्ता पूर्व) पूर्वाधार निर्माणका लागि माग भई आएकाले दुवै संस्थालाई रु. ४/४ लाख आर्थिक सहायता नगरपालिकाको आन्तरिक स्रोतबाट दिने निर्णय गरियो।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख